

हर्बिसाइडको प्रयोग र भविष्यको चिन्ता

✍ उत्तमप्रसाद भट्टराई

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - १८३ ❑ २०८३ असार २८ गते आइतबार ❑ Sunday, 12 July, 2026 ❑ मूल्य ७ /-

### अन्नको भण्डार मानिएको कोशी प्रदेशमा मलको हाहाकार

## झापा, मोरङ र सुनसरीका किसानले पाएनन् मल

✍ विमल लामिछाने



दमक/ अन्नको भण्डार मानिने झापा, मोरङ र सुनसरीका किसान मल नपाएर छटपटाइरहेका छन् ।

हालसम्म जम्मा २८ प्रतिशत मात्र रोपाइँ भएको र ७२ प्रतिशत रोपाइँ बाँकी रहेको यो प्रदेशमा मल तत्काल वितरण प्रक्रियामा लैजान प्रदेश सांसदहरूले माग गरेका छन् ।

कोशी प्रदेशमा धान खेतीका लागि मात्र ७३ हजार मेट्रिक टन डीएपी मलको आवश्यकता पर्ने भए तापनि असार अन्तिम साता बित्न लाग्दा जम्मा ८ हजार ५३९ मेट्रिक टन मात्र आपूर्ति भएको छ । यो कुल मागको करिब १२ प्रतिशत मात्रै हो ।

धान रोपाइँको मुख्य सिजन चलिरहँदा रासायनिक मलको चरम अभाव देखिएको हो । एकातिर खेतमा हिलो तयार पारेका किसान मल नपाएर छटपटाइरहेका छन् भने अर्कोतिर जननिर्वाचित प्रतिनिधिले संसदमा सरकारको कडा आलोचना गर्न थालेका छन् ।

मोरङ क्षेत्र नम्बर ४ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सन्तोष राजवंशीले बुधबार प्रतिनिधिसभा बैठकमा मल अभावको विषयलाई लिएर सरकारमाथि कडा प्रश्न प्रहार गरेका छन् ।

उनले सरकारको कार्यशैलीप्रति व्यङ्ग्य गर्दै भने, 'म भात खान्छु । सरकारले के खान्छ ? मलाई लाग्छ सरकारले पनि भात खान्छ । मलाई त थाहा छ त्यो भात कहाँबाट आउँछ, सरकारलाई त्यो कुरा थाहा छ कि छैन ?' सांसद राजवंशीले कृषिप्रधान देशमा किसानको बिचल्ली कहिलेसम्म हुने भन्दै खाद्य सुरक्षाजस्तो गम्भीर विषयमा सरकार थप जिम्मेवार बन्नुपर्ने बताए ।

विशेषगरी धान रोप्ने बेला माटो हिल्याउँदा हाल्नुपर्ने डीएपी मलको अभाव सबैभन्दा जटिल देखिएको छ । कोशी प्रदेशमा असार २२ गतेसम्म ३१ प्रतिशत क्षेत्रमा रोपाइँ भइसकेको छ, तर यस अवधिमा किसानले डीएपी भेटाउनै मुस्किल परेको कृषि सामग्री संस्थानको तथ्यांकले पुष्टि गरेको छ । डीएपी नपाएपछि किसानहरूले धान रोपेको २२ दिनपछि मात्र हाल्नुपर्ने युरिया मललाई नै भए पनि हालेर काम चलाउन बाध्य भएका छन् ।

कोशी प्रदेशका मुख्य चार केन्द्रहरूबाट साउनदेखि हालसम्म ६१ हजार ७०० मेट्रिक टन युरिया, १६ हजार ६०० मेट्रिक टन डीएपी र २ हजार २५० मेट्रिक टन पोटास वितरण भएको छ । तर, धान खेतीकै लागि भनेर विराटनगरबाट बाँकी ८ पेजमा ▸▸

## गोलभेडाले मूल्य नपाउँदा किसान चिन्तित

पाँचथर / नगदे बाली तरकारी र गोलभेँडाले मूल्य नपाउँदा किसान चिन्तित बनेका छन् । पाँचथरमा उत्पादित गोलभेँडाले उचित मूल्य नपाउँदा किसान समस्यामा परेका हुन् । उत्पादन लागत बढ्दै गए पनि गोलभेँडा प्रतिकिलो १५-१७ रूपैयाँमै बिक्री हुन थालेपछि किसान घाटा बेहोर्न बाध्य भएका हुन् ।

किसानका अनुसार प्रतिकिलो ३० रूपैयाँभन्दा कम मूल्यमा बिक्री गर्दा लागतसमेत उठ्दैन । तर झापा, मोरङ र सुनसरीका बजारमा बाहिरबाट गोलभेँडा बढी मात्रामा भित्रिँदा स्थानीय उत्पादनको मूल्य घटेको व्यवसायीहरु बताउँछन् ।

पाँचथरको फिदिम नगरपालिका तथा हिलिहाङ र याङवरक गाउँपालिकामा व्यावसायिक रूपमा गोलभेँडा खेती हुँदै आएको छ । पहिलो सिजनको उत्पादनले मूल्य नपाए पनि आगामी सिजनमा बजार मूल्य सुनि आशामा किसान छन् ।

## पहिरोले बराहक्षेत्र सडक अवरुद्ध

इनरुवा/ अविरल वर्षासँगै गएको पहिरोका कारण सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित ऐतिहासिक बराहक्षेत्र मन्दिर जाने सडक अवरुद्ध भएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार शुक्रबार दिउँसो चतरा-बराहक्षेत्र भित्री सडकखण्डको बराहक्षेत्र नगरपालिका-१ स्थित सत्र नम्बर क्षेत्रमा सडकमाथिबाट बाँकी ८ पेजमा ▸▸

## त्रिलोचन रेग्मीको संस्मरण कृति 'स्मृतिमा आइरहने दिनहरू' लोकार्पण




दमक । साहित्यकार त्रिलोचन रेग्मीको संस्मरणात्मक कृति 'स्मृतिमा आइरहने दिनहरु' शनिबार झापाको दमकस्थित पृथ्वी माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित विशेष समारोहबीच लोकार्पण गरिएको छ ।

भाषा, साहित्य, कला, संस्कृति, खेलकुद विकास तथा समाज कल्याणका लागि क्रियाशील साहित्य कला संगमको आयोजनामा सम्पन्न कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष प्रा. डा. गोपालप्रसाद भण्डारी प्रमुख अतिथि रहेका थिए । कार्यक्रमको अध्यक्षता साहित्यकार विन्दु दाहाल 'मुकदर्शक'ले गरेका थिए भने महासचिव ओमप्रकाश खनालले सञ्चालन गरेका थिए ।

कार्यक्रममा पुस्तकमाथि दमक क्याम्पसका प्राध्यापक शिव रेग्मी र उपप्राध्यापक लीलाराम निरौलाले समीक्षा प्रस्तुत गर्दै कृतिले लेखकका व्यक्तिगत जीवनका अनुभूतिसँगै तत्कालीन पहाडी ग्रामीण समाज, शिक्षा, संघर्ष र सामाजिक परिवेशलाई जीवन्त रूपमा चित्रण गरेको बताए ।

इलामको फाकफोकथुम गाउँपालिकास्थित फुएतप्पामा जन्मिएका रेग्मी हाल झापाको दमक-१ मा बसोबास गर्दै आएका छन् । उनले विभिन्न विद्यालयमा ३८ वर्ष शिक्षण सेवा गरेपछि अवकाश लिएका हुन् । शिक्षणसँगै सामाजिक तथा साहित्यिक क्षेत्रमा सक्रिय रेग्मीले विभिन्न संघसंस्थामा आबद्ध भएर काम गर्नुका साथै अनेक पुरस्कार तथा सम्मान प्राप्त गरिसकेका छन् । उनले 'सोलु सन्देश', 'दीर्घ जीवनका अनुभूतिहरु', 'ज्येष्ठ नागरिक सम्मान' तथा 'हरिप्रसाद राई स्मृति ग्रन्थ' लगायतका पुस्तक र पत्रिकाको सम्पादनसमेत गरेका छन् । 'स्मृतिमा आइरहने दिनहरु' उनको पहिलो संस्मरण कृति हो ।

२५६ पृष्ठको पुस्तकमा 'मेरी आमा', 'आमालाई सताइएका तीन घटना', 'जात गएको अवस्था', बाँकी ८ पेजमा ▸▸

## हत्या आरोपमा एकै घरका तीन जना पक्राउ

खोटाङ / खुकुरी प्रहारबाट दिप्रुङ चुइचुम्मा गाउँपालिका-१ याम्खास्थित मोरियाका ३८ वर्षीय ध्रुव अधिकारीको मृत्य भएपछि हत्या आरोपमा एकै घरका तीन जना पक्राउ परेका छन् ।

घरायसी विवादमा बिहीबार खुकुरी प्रहारबाट अधिकारीको मृत्यु भएपछि सोही ठाउँका ५७ वर्षीय तीलकबहादुर सार्की, उनकी श्रीमती ५२ वर्षीया भोटीमायाँ सार्की र छोरी २२ वर्षीया सीता सार्की पक्राउ परेका हुन् । तीलकबहादुरलाई घटना लगत्तै पक्राउ गरिएको थियो भने, श्रीमती र छोरीलाई शुक्रबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक निराजन बस्नेतले जानकारी दिए ।

अधिकारीको मृत्युपछि तीलकबहादुर आफैले फोन गरेर प्रहरीको सम्पर्कमा आएका थिए । उनकी श्रीमती र छोरीविरूद्ध मृतकका आफन्तले किटानी जाहेरी दिएपछि अनुसन्धानका लागि पक्राउ गरिएको उनले बताए । मुख्य आरोपित तीलकबहादुरको घरमा मजदुरी गरेको पारिश्रमिक माग्न गएको समयमा अधिकारीमाथि खुकुरी प्रहार भएको प्रारम्भिक अनुसन्धानका क्रममा खुलेको छ । उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनाका आरोपीलाई नियन्त्रणमा लिएर कर्तव्य ज्यान मुद्दा अन्तरगत थप अनुसन्धान भइरहेको सूचना अधिकारी बस्नेतले बताए । अधिकारीको शव परीक्षणपछि आफन्तको जिम्मा लगाइएको छ । मृतक अधिकारी र सार्की परिवारबिच आर्थिक कारबोर रहेको तथा मृतक अधिकारी सार्कीको घरमा पुगेको अवस्थामा विवाद हुँदा सार्कीले खुकुरी प्रहार गरेर हत्या गरेको खुलेको प्रहरीले जनाएको छ ।

## नवीकरण नगर्ने ४४ निर्माण कम्पनीको इजाजत खारेज

दमक/ पूर्वाधार विकास मन्त्रालयले निर्माण व्यवसाय इजाजतपत्र नवीकरण नगर्ने ४४ फर्म तथा कम्पनीको इजाजतपत्र स्वतः खारेजी भएको जनाएको छ ।

पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा (३) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि २०८२ चैत मसान्तभित्र अनिवार्य रूपमा इजाजतपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेकामा सो अवधिभित्र नवीकरण नगरेका ४४ वटा निर्माण व्यवसायीको इजाजतपत्र स्वतः खारेजी भएको सूचनामा उल्लेख गरिएको छ ।

मन्त्रालयले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम स्वतः खारेज भएको सूचनामा उल्लेख गरिएको छ । मन्त्रालयले सोही ऐनको दफा ७ ९४० प्रयोजनाको लागि मन्त्रालयको सचिवस्तरको गत असार १७ गतेको निर्णयानुसार सूचना प्रकाशन गरेर जानकारी दिएको हो ।

## अनुमति बिना ड्रोन उडाउन नपाइने

ताप्लेजुङ/ जिल्लाका विभिन्न क्षेत्रमा अनुमति बिना ड्रोन उडाइएको सूचना र नागरिकबाट गुनासो प्राप्त भएपछि प्रशासनले कडाइ गरेको छ । ताप्लेजुङको विभिन्न क्षेत्रमा कानुनी प्रक्रिया पूरा नगरी तथा पूर्वस्वीकृति नलिई ड्रोन (मानव रहित हवाई उपकरण) उडान नगर्न आग्रह गरिएको हो । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले बाँकी ८ पेजमा ▸▸

## खडेरीसँगै फौजी किराको दोहोरो मारमा किसान



धनकुटा/ किसानले लगाएको मकै बालीमा फौजी किराको प्रकोप बढेको छ । धनकुटाको तल्लो भेगका किसान खडेरीसँगै फौजी किराको दोहोरो मारमा परेका हुन् । पर्याप्त वर्षा नहुँदा सुक्न थालेको मकैबालीमा फौजी किराको प्रकोप बढेपछि ठुलो क्षति भएको छ ।

जिल्लाको प्रमुख खाद्यान्न बालीमध्ये मकै पहिलो स्थानमा रहेको छ। यही बालीमा दोहोरो समस्या देखिएपछि किसान चिन्तित बनेका छन् ।

कृषि ज्ञान केन्द्र धनकुटाका अनुसार यस वर्ष जिल्लामा करिब १२ प्रतिशत मकैबाली नष्ट भएको छ। धनकुटामा कुल १३ हजार ४७० हेक्टर क्षेत्रफलमा मकै खेती हुने गरेकोमा करिब एक हजार ६०० हेक्टर क्षेत्रफलको बालीमा क्षति पुगेको कृषि ज्ञान केन्द्रका प्रमुख नगेन्द्र रानाले जानकारी दिए ।

उनका अनुसार जिल्लाको उच्च भेगमा खडेरी र फौजी किराको प्रभाव कम भए पनि तल्लो भेगमा समस्या बढी देखिएको छ । विशेषगरी पाख्रिबास नगरपालिका र महालक्ष्मी नगरपालिकामा फौजी किराको प्रकोप तीव्र छ ।

पाख्रिबास नगरपालिका(५ दियाले क्षेत्रका किसान अम्बरबहादुर तामाङले फौजी किरा र खडेरीका कारण आफ्नो १८ रोपनीमा लगाएको मकैबाली बाँकी ८ पेजमा ▸▸

**कर्मचारी आवश्यकता**

यस गोल्डेन गेट बचत तथा ऋण सहकारी संस्था लि दमक-६ झापालाई **बजार प्रतिनिधि** पदमा कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

तपसिल :

- पद : **बजार प्रतिनिधी** ♦ संख्या : केहि
- शैक्षिक योग्यता : न्युनतम एस.एल.सी/एस.ई.ई
- आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रतिलपि १ थान,
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि १ थान, पिपि साईजको फोटो ।
- परिक्षाको किसिम : लिखित/मौखिक/प्रयोगात्मक
- आवेदन दिने मिति : २०८३/०३/२८ देखि साउन ०२ गते कार्यालय समयभित्र
- अन्य योग्यता : स्थानीय, मोटरसाइकल र स्कुटर चलाउन सक्ने ।

नोट :इच्छुक व्यक्तिले हस्तलिखित निवेदन दिनुपर्ने छ ।

**गोल्डेन गेट वचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, थानारोड,(फोन: ०२३-५७५१२४/९८०१४५२९९४)

**मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर बुझाउने बारे दमक नगरपालिकाको सूचना**

यस नगरपालिका लाई चालू आ.ब. २०८२।०८३ को असार मसान्त भित्र बुझाउनु पर्ने मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर लगायतका करहरु समयमा नै सम्बन्धित वडा कार्यालय तथा यस कार्यालयमा बुझाई जरिवाना तिर्न बाट जोगिनु हुन सम्बन्धित सवै करदाता महानुभावहरुमा दमक नगर पालिका हार्दिक अनुरोध गर्दछ ।

**दमक नगरपालिका**
राजस्व प्रशासन शाखा

# सम्पादकीय

## किसानको रकम फिर्ता गर्न आवश्यक

दमक-३ स्थित हंसे दुम्से दुग्ध डेरी प्रालि पशु उत्पादन तथा संकलन सहकारी संस्थामा भएको आर्थिक अपचलन र सञ्चालकहरुको लापरबाहीले देशको कृषि र सहकारी क्षेत्रको एउटा कुरूप दृष्य उजागर गरेको छ ।

करिब २०० घरधुरी किसानको २२ लाख ६५ हजार २०० रूपैयाँभन्दा बढी बक्यौता रकम भुक्तानी नगरी, कार्यालय नै बन्द गरेर सञ्चालकहरु फरार हुनु केवल एउटा संस्थाको विफलता मात्र होइन, यो श्रमजीवी किसानको पसिनामाथि गरिएको डकैतीजन्य अपराध पनि हो ।

विगत पाँच महिनादेखि 'बैंकमा समस्या छ' भन्दै ढाँटिरहनु, संस्थाको रकम व्यक्तिगत खाताहरुमा रकमान्तर गर्नु, संस्थाका सवारीसाधन बिक्री गरेर रकम हिनामिना गर्नु, र भवन थप्ने बहानामा बचतकर्ताबाट उठाएको १० लाख रूपैयाँ गायब पारिनुले यो घटना भवितव्य नभई नियोजित ठगी थियो भन्ने स्पष्ट हुन्छ । अझ लज्जास्पद कुरा त के छ भने, नेपाल सरकारले किसानका लागि दुई किस्तामा पठाएको २५ लाख रूपैयाँ बराबरको राहत अनुदानसमेत सञ्चालकहरुले हिनामिना गरेका छन् । सरकारी अनुदान र किसानको पसिना तिनै टाठाबाठाको खल्ती भर्ने माध्यम बन्नु राज्य संयन्त्रकै लागि गम्भीर चुनौती र लज्जाको विषय पनि हो ।

यो ठगीको सामाजिक र मानवीय मूल्य कति भयानक छ भन्ने कुरा पीडित किसानहरुको रोदनले स्पष्ट पार्छ । कसैको ३ लाख त कसैको २ लाख रूपैयाँ डुबेको छ । पशुपालनका लागि साहु र सहकारीबाट ऋण लिएका किसानहरु अहिले गाईभैंसीलाई दाना खुवाउन, घरखर्च चलाउन र छोराछोरीको विद्यालयको शुल्क तिर्न नसक्ने अवस्थामा पुगेका छन् । घरमा छोरा र श्रीमानको ६ महिनाको अन्तरालमा मृत्यु हुँदा समेत आफ्नो पसिनाको कमाइ नपाएकी देवीमाया गुरागाईं जस्ता असहाय किसानको पीडाले यो सञ्चालक समितिको अमानवीयता र निर्दयीपनलाई छताचुल्ल पारेको छ ।

अहिले पीडित किसानहरु आफ्नो पसिनाको कमाइ फिर्ता पाउन इलाका प्रशासन कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय, इटहरीको ढोका ढकढकाउन पुगेका छन् ।

किसानहरुले संयमता अपनाउँदै पूर्ण रुपमा शान्तिपूर्ण धर्ना र कानुनी लडाइँ लडिरहेको यो संवेदनशील घडीमा राज्यका नियामक निकायहरु मूकदर्शक बनेर बस्न मिल्दैन । अख्तियार र स्थानीय प्रशासनले उजुरीमा किटानी जाहेरी वर्तमान अध्यक्ष हिमालय दाहाल, पूर्वअध्यक्ष गेहनाथ पोखरेल, पुष्प ढकाल, शान्तिराम भट्टराई, राजकुमार अधिकारी र कुलचन्5 गौतम लगायतका जिम्मेवार व्यक्तिहरुलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याउनुपर्छ ।

अबको मुख्य प्राथमिकता दोषीहरुको खोजी र किसानको रकम फिर्ता नै हुनुपर्छ । यसका लागि संस्था र दोषी व्यक्तिहरुको व्यक्तिगत बैंक खाता तथा सम्पत्ति तत्काल रोक्का गरी, सोही सम्पत्ति जफत वा लिलाम गरेर भए पनि किसानको बक्यौता रकम पैसा(पैसा हिसाब गरेर फिर्ता गरिनुपर्छ । साथै, सरकारले दिएको भनिएको २५ लाख रूपैयाँ राहत अनुदान कहाँ र कसरी दुरूपयोग भयो, त्यसमा मिलेमतो गर्ने सरकारी कर्मचारी वा बिचौलिया को( को हुन्, तिनको पनि गम्भीर छानबिन हुन जरूरी छ ।

हंसे दुम्से डेरी प्रकरणले हाम्रो देशमा किसानको उत्पादनको मूल्य र लगानी सुरक्षित गर्ने संयन्त्र कतिसम्म कमजोर छ भन्ने पुष्टि गरेको छ । यसबाट पाठ सिक्दै श्रमको सम्मान र अपराधीलाई सजाय दिनु राज्यको दायित्व हो ।

# हर्बिसाइडको प्रयोग र भविष्यको चिन्ता



✍ उत्तमप्रसाद भट्टराई

**वना अध्ययन, अनुसन्धान प्राकृतिक सम्बन्ध विगार्नु मूर्खता हो । त्यो यो पक्ष मानीसले बुझेको छ । तरपनि किटनाशक औषधी, झारपातनासक औषधी (हर्बिसाइड) को प्रयोग दिनानुदिन बढ्दैछ । परिणाम जान्दछौं । तरपनि हामी कालीदास हुदैछौ । हर्बिसाइडले झारपात मात्र नष्ट गर्दैन, त्पसले भेटेको माटो डढ्छ ।**

From Microbes to man - all are affected by chemical berbicides

(अर्थात् बिरूवा नष्ट गर्ने रसायनद्वारा सुष्म माइक्रोब्सदेखि मानिसहरू सबै प्रभावित हुन्छन) ।

यो भनाई शिक्षा संकाय अन्तर्गत स्नातक तह दोस्रो वर्षको पाठ्यपुस्तकबाट लिने अवसर मिलो । लेखक रसायनको प्रयोगले पार्ने नकारात्मक प्रभावका बारे सचेत छन् । उनले संकेत गरेको विषय गम्भिर छ । दुरदर्शी छ । यो आगामी प्रस्ताको भविष्यसँग जोडिएको विषय हो ।

विज्ञानका अभूतपूर्व आविष्कारले संसार चकित छ । नसोचेको, कल्पनातीत तथ्यहरू हामी माझ छन् । हाम्रा सुविधाका साधन बनेका छन् । विगत सम्झँदा हामी झसङ्ग हुन्छौं । त्यो काला दिन हामी भन्दा एक पिंढी अघिको पुस्ताले कसरी बेहोरे होलान ? विगतका अँध्यारा सुरूङ्गमा हामीले पनि केही दिन कटायौं । अहिले प्राप्त सुविधा मानवले गरेका अनुसन्धान र लगावबाट प्राप्त भएका हुन् ।

अर्कोतर्फ विज्ञान र प्रविधिले संसारलाई त्रासदी, बर्बरता, क्रुरता दिएका छन् । हिरोसिमा र नागासाकीका विनास, भियतनाम युद्धमा जंगल डढाउने बमका प्रयोग आदि सबै विज्ञान र प्रविधाका अँध्यारा पक्ष हुन् । सन् १९८४ डिसेम्बर ३ का दिन भारतको भोपाल सहरमा पेष्टिसाइड प्लान्टबाट ठूलो परिणाममा मिथेल आइसोसिनेट ग्यास लिक भयो । भोपाल सहर अस्तव्यस्त भयो । ठूलो धनजनको क्षति भयो । यस्ता दुःखदायी घटना कति छन् कति ? यी केवल प्रतिनिधि घटना मात्र हुन ।

विद्धान लेखकले माथी इसारा गरेको हर्बिसाइड (बिरूवा नासक रसायन) को प्रयोगलाई मनन गरौं । अनुसन्धाता रसायनशास्त्रीले हर्बिसाइड कुन प्रयोजनको लागि बनाएका थिए ? अहिले त्यसको सदुपयोग भएको छ कि धेरै दुरूपयोग भएको छ ? कसले बताइदिने ?

Earth's Green mantle ( पृथ्वीको हरियो आवरण) निवन्धमा लेखिका रचेल कारसनले धेरै प्रसङ्गः कोट्याएर, प्रस्ट पारेर हर्बिसाइडको प्रयोग नगर्न सचेत गराएकी छिन । मानीस सचेत छ । उ विगत हेर्छ । बर्तमानलाई अध्ययन गर्छ र भविश्यको निव राख्छ । उ प्रकृति भरपुर शोषण गर्छ । त्यसक्रममा आउने अवरोधलाई उ नियोजन गर्दैन, पुरै मासी दिने प्रयत्न गर्छ । प्रकृति दोहन गर्दा आफना बारी, खेत, आँगन, नर्सरी आदि खाली ठाँउमा उम्रिएका र त्यहाँ काम नलाग्ने बोट बिरूवालाई उ पुरै नस्ट गरीदिन्छ । नस्ट गर्ने विधि उ जान्दछ । गोडमेल गर्नुको सट्टा झारपात मार्न उ हर्बिसाइड प्रयोग गर्दछ । त्यो रसायनले नचाहिने बोट बिरूवा साथ चाहिने अत्यावश्यक झारपातलाई समेत डडाइदिन्छ । पुनः अंकुरित क्षमता समाप्त गरिदिन्छ । बोटविरूवामा रसायन प्रयोग गरेर हामीले प्रकृतिको चत्रीय खेललाई प्रभावित बनायौं । ती झार, बोटविरूवामा कति किरा वा जिव थिए, ती जिवमा अरू प्राणी आश्रित थिए । हाम्रो मूर्खता र भूलले सबै इको(प्रणाली ध्वस्त बनाइदिन्छ । भविश्य प्रति ठूलो खेलवाड हुँदैछ ।

पृथ्वीको हरियालीमा मानव सभ्यता, जिवजन्तु, किरा आदी प्रत्यक्ष जोडीएको छ । एउटा पक्षको कमीले अर्को पक्षमा नराम्रो प्रभाव पर्छ । प्रकृतिको चत्रिय प्रणाली स्वयं बनेको हो । हजारौं वर्षको विकासले त्यो सम्भव भएको हो । तर मानवको एउटा गलत कामले सबै ध्वस्त बनाउँछ ।

हजारौं वर्षदेखी चलेको गति क्षणभरमा सकिन्छ । प्रकृति स्वयंले निर्माण गर्छ, उसको चाल । बन जगल, झारपात, बुट्यानका आफना गति, चाल हुन्छ । तीनले अरू प्राणीसंग हार्दीकता बनाउछन् । त्यहा विशेष सम्बन्ध हुन्छ । त्यो प्राकृतिक सम्बन्धले मानव सभ्यताको गरिमा बढाउँछ । त्यसकारण पृथ्वीको हरिपाली (वाहिरी आवरण) जोगाउनु मानव आतित्व जोगाउनु हो ।

विना अध्ययन, अनुसन्धान प्राकृतिक सम्बन्ध विगार्नु मूर्खता हो । त्यो यो पक्ष मानीसले बुझेको छ । तरपनि किटनाशक औषधी, झारपातनासक औषधी (हर्बिसाइड) को प्रयोग दिनानुदिन बढ्दैछ । परिणाम जान्दछौं । तरपनि हामी कालीदास हुदैछौ । हर्बिसाइडले भारपात मात्र नष्ट गर्दैन, त्पसले भेटेको माटो डढ्छ । त्यहाँका जिव होइनन् ती भारपातमा आश्रीत रहने जिव, आसपासका नदिनाला, पोखरीमा रहने जिव जस्तै माछा, भ्यागुता, गंगेटा आडी नष्ट भइसकेका छन । ती सबैको अस्तित्व लोप हुँदैछ ।

हाम्रो देशमा हाल तरकारी खेती गर्ने क्रम बढ्दै गएको छ । हरियो तरकारीमा नेपाल आत्मनिर्भर बन्ने क्रममा छ । धेरै उत्पादन र वढी नाफाका लोभमा रासायनीक मल तथा किटनाशक प्रौषधीको प्रयोग अत्यधिक बढेको छ । यो क्रम झन् बढ्दै छ । प्राङ्गारिक मलको अभावमा एकमात्र विकल्प रसायनीक मल हो । प्रत्यक्ष नाफा बढेको देखिन्छ । तर रसायनीक मल र किटनाशक औषधीका प्रयोगले किसानका स्वास्थ्यमा गम्भिर समस्या देखिन थालेका छन् । फरक क्षमताका रोग नसर्ने तथा प्राणघातक रोगले किसान अक्रान्त हुन थालेका छन् ।

विद्धान लेखिकाले विस्तृत रूपमा हर्बिसाइड प्रयोग नगर्न सल्लाह दिएकी छिन् । विभिन्न देशका भिन्न भिन्न प्रकारका बोटविरूवा नहुँदा त्यहाँ विविध समस्या देखिए । निराकरणका लगि अन्यन्त्रवाट त्यस्ता स्थानका विरूवा सार्ने काम र त्यससंग सम्बन्धित किराहरू आयात गरी बातावरण झन मजबुत बनाएको उक्त निवन्धमा पाइन्छ । उदाहरणका लागी अमेरिकाको पश्चिमी भूभागका जडीबुटीले आवरण दिएको भूभागबाट हरीयाली विनाश हुदाँ त्यहाँको रसिलो भूभाग कम सुख्खा भएको र हरियालीमा जीव लोप भई वातावरण मानव विरोधि बन्न गएको तथ्य सउल्लेख छ ।

कारसन म्यामले २,४-डी (२, प-D) हर्विसाइडको नाम किटेर यसले पारेको गम्भिर असर बारे लेखिकी छिन् । त्यो रसायनले माटोको मेटाबोलीजम् परिवर्तन गरिदियो । परिणामस्वरूप जंगली बिरूवामा चिनीको मात्र बढ्न गएर जनावरमा गम्भीर असर परेको सप्रमाण पाइन्छ । पछिगएर त्यस विषाक्त रसायनलाई प्रयोगबाट बन्चित गरिएको रहेछ ।

अन्त्यमा, कारसन म्यामका भनाइहरू जस्तै पृथ्वीमा ढाकेका घाँसका आवरण मरूभूमिका सुन्दरता हुन । तीनको रक्षा गर्नु मानव कर्तव्य हो । जगंली तथा घरायसी भारपातमा बाच्ने परागसेचन स्रोत किराहरूमा मानीसका अस्तित्व धेरै मात्रामा आश्रित छ । म्यामका सप्रमाण सहितको निषध स्नातक दोस्रो वर्षका विद्यार्थीको अध्ययन र प्राध्य ापकको सहजीकरणले समाजमा सकारात्मक प्रभाव परेको महसुस होस । हर्बिसाइड मुक्त विश्व बन्ने मार्गमा अगाडि जानु बुद्धिमत्ता हो । अस्तु ॥

## राज्यका सबै संयन्त्र जिम्मेवार र गम्भीर बन्नुपर्छ - *श्रद्धा कुँवर*



राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) सांसद श्रद्धा कुँवरले गणेश नेपाली प्रकरणको गहिरो छानबिन गरी जिम्मेवार पक्षमाथि कडा कारबाही हुनुपर्ने बताएकी छिन् ।

सामाजिक सञ्जालमार्फत उनले भनेकी छिन्- 'वीर अस्पतालमा उपचाररत गणेश नेपालीको दुःखद निधनको खबरले मलाई भावविह्वल र पीडाबोध गराएको छ । म हृदयदेखि नै लज्जाबोध गरिरहेको छु ।

आफ्नै देशमा केही गर्छु भन्ने सपना बोकेर सहर आएको एक युवाले अन्ततः आफैँलाई आगो लगाएर ज्यान गुमाउनुपर्ने अवस्था सामान्य होइन। मानवताविहीन कानुनले कसैलाई पनि कहीँ पुऱ्याउँदैन । राज्यका सबै संयन्त्र संवेदनशील, जिम्मेवार र गम्भीर बन्नुपर्छ । यस घटनाको गहिरो छानबिन गरी जिम्मेवार पक्षमाथि कडा कारबाही होस् ।'

## संखुवासभामा २५ प्रतिशत मात्र रोपाइँ

संखुवासभा/ सिँचाइ अभावका कारण असार सकिन लाग्दा पनि संखुवासभामा २५ प्रतिशतमात्र रोपाइँ भएको छ । यसअघि माथिल्लो क्षेत्रमा असारको अन्तिम सातासम्म र तल्लो भेगमा साउनको अन्तिम सातासम्म रोपाइँ भइसक्नेमा यस वर्ष सिँचाइ सुविधा अभाव, पहाडी क्षेत्रमा भइरहेको खण्ड वृष्टिलगायत कारणले रोपाइँ प्रभावित भएको हो ।

सिँचाइ अभावका कारण हालसम्म २५ प्रतिशत मात्र रोपाइँ सकिएको जिल्लास्थित कृषि ज्ञान केन्□का सूचना अधिकारी सरोज राईले बताए । माथिल्लो भेगमा रोपाइँ सकिए पनि तल्लो बेँसी भेगमा धानका बीउ ब्याडमै थन्किएका उनले उल्लेख गरे । उनका अनुसार जिल्लामा कुल आठ हजार ६०० हेक्टर क्षेत्रफलमा धानखेती गरिन्छ ।

ज्ञान केन्द्रको तथ्यांकअनुसार जिल्लामा ३१ हजार ५९६ हेक्टर खेतीयोग्य जमिन रहेको छ । जिल्लाको तल्लो भेगका कतिपय ठाउँमा भर्खरै रोपाइँ सुरू गरिएको छ भने केही ठाउँमा असार लागेसँगै धान रोप्न थालिएको थियो ।

जिल्लाका खाँदबारी नगरपालिकाभित्रका सेकाहा, पाङ्मा, मरूवा, हेलुवाबेँसी, चन्दनपुर, चेवाबेँसी, कल्चेबेँसी, पाङ्ठाबेँसी, पिप्लेबेँसी, माल्टाबेँसीलगायत क्षेत्रमा धानखेती गरिँदै आइएको सूचना अधिकारी राईले जानकारी दिए । उनका अनुसार मादी र धूपू क्षेत्रमा उत्पादन बढी हुन्छ ।

साथै मकालु गाउँपालिकाको हेदाङ्गना, पाँचखपन नगरपालिकाको वाना र होक्से तथा चैनपुर नगरपालिकाभित्रका भण्डारीडाँडालगायत क्षेत्रमा धानखेती गरिन्छ । यहाँ अट्टे, बेलगुठी, खुमलचार, राधाकृष्ण, सानोमसिना, कालधानलगायत जातका धानखेती गरिने सूचना अधिकारी राईले बताए ।

## सामाजिक सञ्जाल

## म गणेश नेपालीमा आफ्नै प्रतिबिम्ब देख्छु: *धुर्मुस*



हास्य कलाकार सीताराम कट्टेल धुर्मुसले गणेश नेपालीमा आफ्नै प्रतिविम्ब देखेको उल्लेख गरेका छन् । सामाजिक सञ्जालमा उनले लेखेका छन्- 'लामो समयदेखि पीडा, निराशा र उकुसमुकुसका बिच बाँचिरहेको म, गणेश नेपालीमा आफ्नै प्रतिबिम्ब देख्छु।राज्य सबै नागरिकको साँचो अभिभावक बनोस्। देशमा सम्मानपूर्वक श्रम गरेर बाँच्न सकिने वातावरण बनोस् ।'

फेरि कुनै नेपालीले निराशाको अन्तिम विकल्पका रूपमा आत्मदाह रोज्नुपर्ने अवस्था कहिल्यै नआओस् भन्ने कामना समेत उनले गरेका छन् ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

# कोशी अस्पतालको जग्गामा बनेका २६ सटर भत्किने




मोरङ/ कोशी प्रदेशमा सार्वजनिक जग्गाभित्र बनेका ब्यापारिक संरचना खाली गराउने अभियान चलाइने भएको छ ।

जसअन्तरगत पहिलो चरणमा विराटनगरस्थित कोसी अस्पतालको स्वामित्वमा रहेको जग्गामा बनेका विभिन्न चार संस्थाका २६ वटा व्यावसायिक सटरहरु सोमबार भत्काइने भएको हो । अस्पतालले आफ्नो गुरुयोजना कार्यान्वयन र जग्गाको सही सदुपयोगका लागि यो कदम चालिएको जनाएको छ । अस्पतालका अतिक्रमण हटाउन अस्पतालले दिएको ७ दिने अल्टिमेटम आइतबार सकिएलगत्तै डोजर चलाउने तयारी गरिएको हो ।

समयसीमा सकिनु एक दिनअघि शुक्रबार पत्रकार सम्मेलन गर्दै अस्पताल प्रशासनले अवैध रूपमा बनेका संरचना भत्काइने जानकारी दिएको हो । अस्पतालका जनसम्पर्क अधिकारी नवराज लुइटेलका अनुसार भत्काउनुपर्ने ती सटरहरूमा अस्पतालले 'रातो स्टिकर' समेत टाँस गरिसकेको छ ।

अस्पताल प्रशासनले अहिले नै ती चार संस्थाका मुख्य भवन भने नभत्काइने स्पष्ट पारेको छ । अस्पतालका मेसु डा. चन्द्रलाल झाले जनमानसमा संस्थाका मुख्य भवन नै भत्काउन लागिएको भन्ने भ्रम रहेको भन्दै त्यसको खण्डन गरे । "अहिले गणेश मन्दिर, क्षयरोग निवारण संस्था, नेपाल रेडक्रस सोसाइटी र देवकोटा पुस्तकालयका मुख्य भवन भत्किने छैनन्," मेसु झाले भने, "तर ती संस्थाले व्यावसायिक प्रयोजनका लागि भाडामा लगाएका २६ वटा सटरहरूमा भने सोमबार डोजर चल्नेछ ।"

अस्पतालका अनुसार गणेश मन्दिर परिसरका ५ वटा सटर भत्काइनेछन् । जसमा उज्ज्वल फर्मा, कलश फर्मा, उत्सव किराना पसल, श्रुति फार्मेसी र बालबालिका क्लिनिक रहेका छन् । यी पसलहरूले मन्दिरलाई मासिक ६० हजार रूपैयाँसम्म भाडा बुझाउँदै आएका थिए ।

त्यस्तै, क्षयरोग निवारण संस्थाका ९ वटा सटर भत्काइनेछ । जसमा श्रेष्ठ खाजाघर, मदिना होटल, पुन्टु कलेक्सन, पूर्वाञ्चल बायोमेडिकल, दीपेश शाकाहारी खाजाघर, रहिम मोटरसाइकल मर्मत पसल, मोनिका फार्मेसी र निरूपमा होटल रहेका छन् । नेपाल रेडक्रस सोसाइटीअन्तर्गत सञ्चालित सुनिल भेराइटीज, सुमना ट्रेडर्स, त्रिवेणी फोटो स्टुडियो, राष्ट्रिय वाणिज्य बैंक, कोसी मार्बलस र मिना मेडिकलका सटरहरु पनि भत्काइने सूचीमा छन् । यस्तै, देवकोटा पुस्तकालयअन्तर्गतका ६ वटा व्यावसायिक सटरहरु भत्काइने अस्पतालले जनाएको छ ।

अस्पतालले सुरूमा १५ दिने सूचना जारी गरे पनि संरचना खाली हुन सकेको थिएन । त्यसपछि गृहमन्त्री सुदन गुरूङ र स्वास्थ्यमन्त्री निशा मेहताले स्थलगत निरीक्षण गरी ७ दिनभित्र अतिक्रमण गरिएका संरचना हटाउन निर्देशन दिएका थिए । मन्त्रीहरूको निर्देशन र स्थानीय प्रशासनको सक्रियतापछि यो प्रक्रियाले गति लिएको हो ।

विराटनगर(७ स्थित कित्ता नम्बर ११, १२, १५, २२, २३ र २६ को बहुमूल्य जग्गामा यी चार संस्थाले लामो समयदेखि सामाजिक सेवाको आवरणमा व्यावसायिक गतिविधि गर्दै आएका छन् । अस्पतालको आन्तरिक अध्ययनअनुसार क्षयरोग निवारण संस्थाले ६ कट्ठा ८ धुर जग्गा ओगटेर मासिक करिब दुई लाख रूपैयाँ भाडा उठाउँदै आएको छ । त्यस्तै, रेडक्रसले २ कट्ठा जग्गामा बनेको भवन बैंकलाई भाडामा दिएर मासिक १ लाख ५० हजार रूपैयाँ आम्दानी गरिरहेको छ ।

गणेश मन्दिर र देवकोटा पुस्तकालयले पनि सडक मोहडाका सटरहरूबाट मासिक लाखौं रूपैयाँ असुलिरहेका छन् ।

## विश्वकप विशेष

# स्पेन पुग्यो सेमिफाइनल




एजेन्सी । स्पेन फिफा विश्वकप २०२६ को सेमिफाइनलमा प्रवेश गरेको छ ।

शनिबार बिहान अमेरिकामा भएको खेलमा बेल्जियमलाई २–१ गोल अन्तरले पराजित गरेर स्पेन सेमिफाइनलमा प्रवेश गरेको हो ।

खेलको ३०औं मिनेटमा फाबियान रूइजले पहिलो गोल गरेर स्पेनलाई सुरूवाती अग्रता दिलाएका थिए । तर, ४१औं मिनेटमा बेल्जियमका चार्ल्स डे केटेलेरेले गोल फर्काएर खेललाई बराबरीमा ल्याएका थिए ।

त्यसपछि ८८औं मिनेटसम्म मिकेल मेरिनोले निर्णायक गोल गरेर स्पेनलाई विजयी बनाए । अब स्पेनले सेमिफाइनलमा फ्रान्ससँग प्रतिस्पर्धा गर्नेछ ।

## जानी राखौं

# महान बाणी

१) मानिस भएर कहिल्यै हिम्मत हार्नू हुँदैन किनकी पहाडबाट निस्केको नदिले कहिल्यै कसैसंग सोधेको छैनकि'समून्‍ कहाँ पर्छ ?'

२) नदीमा हामफाल्दैमा कसैको मृत्यु हुदैन।मृत्यु त तब हुन्छ जब पौडिन आउदैन ! परिस्थिति कहिल्यै समस्या बन्दैन, समस्या त तब बन्छ। जब हामीलाई परिस्थितिसँग जुध्न आउदैन !

३) परिस्थिती आफ्नो अनुकुल भएन भनेर गुनासो गर्नुको सट्टा आफूलाई मजबूत बनाउन तिर लाग्नु सबैभन्दा राम्रो हुन्छ,किनकी संसारको नियम नै यस्तो छ कि('जब हावा चल्छ त्यस्ले बल्ल तल्ल बल्दै गरेको झुपडिको दियोलाई निभाइदिन्छ भने पहिल्यै सल्किसकेको जङ्गलको आगोलाई झनै दन्काइदिन्छ ।'

४) यदि सपना पूरा भैरहेको छैन भने बाटो बदल्नुस ,सिद्धान्त होइन ,किनकी रूखले हमेशा पात बदल्ने गर्छ जरा होइन...

५) जिवनमा जतिनै दुख परेपनि कहिल्यै नआतिनु किनकी विहान हुनको लागी उषाका किरण संगै शितका थोपा झर्नु पर्छ अनि खुशि हुनको लागी दुई नयनविच आुशुका थोपा वग्नु पर्छ..!!

६) लापरवाहीसँग जंगलमा फालिएको एक सानो झिल्कोले पनि आगलागी हुन सक्छ । तर आवश्यकताको बेला चुल्हो सल्काउन पुरै बट्टा चाहिन्छ ।

७) तिमी कसैको कामको त्यो बेला आलोचना गर जब तिमी उ भन्दा अब्बल सग काम गर्न सक्छौ । आलोचना भनेको आगो जस्तो हुनुभएन जसले कागजलाई नै खरानी बनाओस् बरू कैची जस्तो होस् । ताकि कागज काटेर आवश्यकता अनुसारको बनाउन सकियोस् !"

## स्वास्थ्य

# गर्मीमा के खाने, के नखाने ?



दमक । गर्मी मौसममा स्वास्थ्यको विशेष ख्याल राख्नु आवश्यक हुन्छ । अत्यधिक गर्मीका कारण शरीरमा पानीको कमी ( डिहाइड्रेशन), थकान, टाउको दुख्ने, चक्कर लाग्ने तथा हीट स्ट्रोक (लु लाग्ने) जस्ता गम्भीर समस्याहरु हुन सक्छन्। त्यसैले गर्मीमा के गर्ने र के नखाने भन्ने कुरा सबैले जान्नुपर्छ ।

प्रशस्त पानी र झोलपदार्थ पिउने: दिनभरि पर्याप्त मात्रामा पानी, कागतीपानी, नरिवलको पानी, ताजा जुस तथा झोलयुक्त खानेकुरा सेवन गर्नुपर्छ। यसले शरीरमा पानीको मात्रा सन्तुलित राख्छ ।

घामबाट बच्ने उपाय अपनाउने: घरबाट बाहिर निस्कँदा छाता, टोपी वा चश्मा प्रयोग गर्ने तथा हल्का र सुती (कटन) का कपडाहरु लगाउनु राम्रो हुन्छ ।

समयको व्यवस्थापन: दिउँसोको चर्को घाममा धेरै समय बस्नुभन्दा बिहान वा बेलुकाको समयमा आवश्यक कामहरु गर्नु उपयुक्त हुन्छ ।

मौसमी फलफूल र ताजा खाना: ताजा फलफूल, हरियो सागसब्जी, दही, सलाद र झोलयुक्त परिकार खानु राम्रो मानिन्छ । विशेष गरी तरबुजा, खरबुजा, काँक्रो, सुन्तला र आँपजस्ता मौसमी फलफूलले शरीरलाई आवश्यक पोषण र पानी प्रदान गर्छन् ।

सरसफाइ र आराम: नियमित रूपमा नुहाउनु, शरीर सफा राख्नु र पर्याप्त आराम गर्नु पनि गर्मीमा स्वस्थ रहन सहयोगी हुन्छ । खाना सधैं ताजा र सफा हुनुपर्छ ।

गर्मीमा के नखाने ?

चिल्लो र मसलेदार खाना: गर्मीमा धेरै तेलयुक्त, मसलेदार तथा बोसोयुक्त खाना सकेसम्म नखानु राम्रो हुन्छ । यस्ता खानाले पाचन प्रणालीमा समस्या ल्याउन सक्छ र शरीरलाई झन् असहज बनाउँछ ।

क्याफिन र गुलिया पेय पदार्थ: धेरै चिया, कफी तथा चिसो पेय पदार्थको अत्यधिक सेवन उचित हुँदैन। बजारमा पाइने धेरै चिनी भएका पेय पदार्थ र लामो समयदेखि खुला राखिएका खाना खानु हुँदैन, किनकि यसले पेटसम्बन्धी रोग निम्त्याउन सक्छ ।

मदिरा र धूम्रपान: मदिरा र धूम्रपानबाट टाढै रहनुपर्छ, किनकि यसले शरीरमा पानीको कमी (डिहाइड्रेशन) लाई झन् बढाउँछ ।

बाहिरको अस्वच्छ खाना: बाहिर खुला रूपमा राखिएका र अस्वच्छ खाना खानु स्वास्थ्यका लागि हानिकारक हुन्छ ।

यी लक्षण देखिए सजग बनौं:

यदि धेरै पसिना आउने, अत्यधिक कमजोरी महसुस हुने, चक्कर लाग्ने वा बेहोस हुने जस्ता लक्षण देखिएमा तुरून्त चिसो ठाउँमा आराम गर्नुपर्छ, पर्याप्त पानी पिउनुपर्छ र आवश्यक परेमा तुरून्त स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ ।

गर्मी मौसममा सही खानपान, पर्याप्त पानीको सेवन, व्यक्तिगत सरसफाइ र घामबाट बच्ने बानी अपनाएमा विभिन्न स्वास्थ्य समस्याबाट बच्न सकिन्छ । स्वस्थ जीवनशैली अपनाउनु नै गर्मी मौसममा स्वस्थ र ऊर्जावान् रहने सबैभन्दा प्रभावकारी उपाय हो ।

## साहित्य

# शिविरको बतास

◆ दिल भुटानी



एक हुल मानिस छन्
यो शिविरको वतासमा लर्बराइरहेका
भोक, अभाव र पीडाले छटफटाइरहेका
तर थाक्दैनन् सपना बोकेर ।

छाप्रोको बतास एक्लै उभिएर
आशु टिलपिलाउदै
आफ्नो कथा सुनाइरहेको छ
अपिलहरु पठाइरहेको छ
कुर्सीमा बसिरहेका ढुङ्गाहरूलाई ।

जति सुकै हुरी चलोस्
जति सुकै चट्याङ हानोस्
घर छेउको जीर्ण रूख जस्तै भएर
उभिरहेको छ उभिरहेको छ बतास ।

यो बतास कुलागाङ्गी चुमेर फर्किन्छ
कहिले सुनकोश(मानस छोएर फर्किन्छ
यो बतास कहिले मिसिसिपि सम्झिन्छ
कहिले ताजमोनिय सम्झेर मुटुभरी प्रेम पठाउँछ
यही बतास उसको हुलाकी भएको छ ।

यो देश नभएको गाउँमा
एक नासले बग्दैन जीवन
न एक रफ्तारले चल्छ वतास ।

ती शिविरका ग्याप र गल्लीहरूमा चल्ने वतास
लाग्छ अहिले कहिकतै चल्दैन
शिविरका ग्याप र गल्लीहरु त
लाग्छ, फुट र स्वार्थले भरिएका छन् ।

डाँस खोला र रतुवा
एक्लै एक्लै हिडिरहेको छ
मानौ उसलाई मात्र पुग्नु छ ।

बेलडाँगी शिविर, दमक, झापा

**दमकस्थित साहित्य कला संगमको आयोजनामा साहित्यकार त्रिलोचन रेग्मीको कृति 'स्मृतिमा आइरहने दिनहरू' लोकार्पण कार्यक्रममा शनिबार बाचन गरिएको कविता ।**

## मनोरञ्जन

# साउनमा रिलिज हुँदै ४ फिल्म




दमक/ बर्खायाम र खेतीपातीको समयमा फिल्मका दर्शकहरु हलसम्म पुग्दैनन् भन्ने मान्यता छ । यही मान्यतालाई चरितार्थ गर्दै असारमा प्रदर्शनमा आएका दुई फिल्म 'आई एम जितबहादुर' र 'जाँड'ले लगानी उठाउन सकेनन् ।

प्रदर्शनमा आएको 'भागदौड'को नतिजा आउन बाँकी छ । यद्यपि, असारको यो चिसो व्यावसायिक मौसमलाई चिर्दै साउन महिनामा ४ नेपाली फिल्म प्रदर्शनमा आउँदैछन् । साउनमा प्रदर्शन हुने फिल्म हुन् 'गौँथली', 'कमला मिस, 'हली' र 'शक्ति' । अहिलेसम्मको रिलिज क्यालेन्डर अनुसार ४ फिल्ममध्ये 'गौँथली' साउन १ गते, 'शक्ति' साउन १५ गते प्रदर्शनमा आउँदैछ भने 'हली' र 'कमला मिस' साउन २२ मा एकआपसमा भिड्दैछन् ।

साउन महिनामा प्रदर्शन हुने यी चारै फिल्मका विषयवस्तु फरक-फरक छन् । कसैले शिक्षा, कसैले सामाजिक न्याय, त कसैले मनोविज्ञान र रूपान्तरणको कुरा उठाएका छन् ।

## दैनिक राशिफल



आज मिति
२०८३ साल
असार २८ गते
आइतबार
12 July, 2026
तिथि: द्वादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | सन्तान सुख एवम् आयमा बृद्धि । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा अशान्ति एवम् शत्रु बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मनमा अशान्ति एवम् रोगको भय । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | प्रेममा सफलता एवम् व्यवसायबाट लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | धन बस्त्र लाभ एवम् मनमा शान्ति । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अध्ययनमा अवरोध एवम् शत्रु भय । |
| तुला | रा री रु रे रो ता ती तु ते | खर्च बढ्ने एवम् आफन्तसँग विवाद । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पराक्रम बढ्ने एवम् भाईबैनीको सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आफन्तसँग विवाद एवम् कार्यमा अवरोध । |
| मकर | भो जा जी खि खू खे खो गा गी | रोजगारीको अवसर एवम् मित्रबाट सहयोग । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्य समस्या एवम् कार्य नाश । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | व्यवसायबाट लाभ एवम् आफन्तको सहयोग । |

# गुवाबारी-भुवाखोला सडक निमार्णमा चरम लापारबाही



मोरङ / कोशी प्रदेश सरकारको पूर्वाधार विकास कार्यालय मोरङले भ्याटसहित ९८ लाख ८३ हजार ४४९.०७ रूपियाँमा ठेक्का लगाएको गुवाबारी-भुवाखोला खण्डको सडक २०८२ साल फागुन २६ गते ठेक्का लागेको थियो । सो सडक २०८३ असार ३० गते निर्माण सम्पन्न गर्नुपर्ने थियो तर निर्माणको ठेक्का लिएको प्रतिभा कन्स्ट्रक्सनले सुरूदेखि नै काममा चरम लापर्बाही गरेको स्थानीयको आरोप छ । स्थानीय सोमनाथ ढकालले भने, "९८ लाख ८३ हजार ४४९।०७ रूपियाँको ठेक्का १२० दिनमा सम्पन्न हुन्छ भन्ने हामीलाई लागेको थिएन । गाउँमा आएको विकासलाई छिटो सम्पन्न होस् भनेर सहकार्य गर्ने प्रयास पनि गर्‍यौं तर निर्माण कम्पनीले हाम्रो कुरा सुनेन ।"

मोरङको लेटाङ-वारङ्गी सडक अन्तर्गत गुवाबारी-भुवाखोला खण्डको सडक निर्माण सम्पन्न नगरी कम्पनीले भाग्ने प्रयास गरेको भन्दै स्थानीय उपभोक्ताले टिप्परलगायतका निर्माणमा प्रयोग भएका उपकरणको चाबी नियन्त्रणमा लिएका छन् ।

असार मसान्त आउन साता दिनभन्दा कम समय छ तर निर्माण कम्पनीले आधा पनि काम गरिसकेको छैन । पूर्वाधार विकास कार्यालय मोरङका प्रमुख खरानन्द इसरका अनुसार कम्पनीले हालसम्म ४२ प्रतिशत काम गरी ३२ प्रतिशत भुक्तानी लगेको छ । उहाँले ढिलो काम सुरू गरेकाले समयमा निर्माण सम्पन्न नभएको जानकारी दिएरू। अब म्याद थपेर काम सम्पन्न गर्ने प्रक्रिया सुरू हुन्छ । सोही कार्यालयका फिल्ड इन्जिनियर सत्यनारायण साहले काम ढिलो थालेको, काम थाल्नासाथ इन्धनको मूल्यवृद्धि भएको र असार सुरूदेखि पानी परेकाले पहाडी क्षेत्रमा काम गर्न समस्या भएको बताए ।

स्थानीय विष्णु लिम्बूले निर्माण कम्पनीले समयमा काम सम्पन्न नगर्दा विद्यालय जान आउन समस्या भएको बताउँछन् । वर्षायाम सुरू भएपछि काम थालेकाले समस्या भएको उहाँको भनाइ छ । निर्माण कम्पनीले सात सय मिटर सडक कटिङ, ७४३ घनमिटर ड्रेन निर्माण र दुई किलोमिटर सडक ग्राभेल गर्न ठेक्का लिएको हो ।

लेटाङ नगरपालिकाका नगरप्रमुख भूपेन्द्रकुमार लावतीले सङ्घ र प्रदेश सरकारले ठेक्का लगाएका कुनै पनि योजनाका बारेमा स्थानीय तहसँग समन्वय नभइरहेको बताए । "योजना छनोट हुँदा, डिपिआर हुँदा ठेक्का लाग्दा केही सूचना पाइँदैनरू। जब काम बिग्रियो त्यसपछि नजिकको सरकार भन्दै अपजस लिनु पर्छ ।" स्थानीय सरकारलाई बलियो बनाउनु पर्छ भन्ने तर समन्वय नगर्ने हो भने अधुरा र अपूरा योजना अझ बढ्ने नगरप्रमुख लावती बताउँछन् ।

## पर्यटक बोकेको डुंगा पल्टिँदा १५ जनाको मृत्यु

**एजेन्सी/** भियतनामको दक्षिणी फु क्वोक टापु नजिक शनिबार पर्यटक बोकेको डुंगा पल्टिँदा १५ जनाको मृत्यु भएको छ । स्थानीय सञ्चारमाध्यम भिएनएक्सप्रेसका अनुसार डुंगामा ३२ जना भारतीय पर्यटकसहित चालक दलका सदस्य र सेवाकर्मी गरी ३६ जना सवार थिए ।

दुर्घटनापछि सञ्चालन गरिएको उद्धार अभियानमा २१ जनालाई सकुशल उद्धार गरिएको छ भने १५ जनाको शव फेला परेको अधिकारीहरूले जनाएका छन् ।

घटनालगत्तै स्थानीय प्रशासन, तटरक्षक बल तथा आसपास रहेका अन्य डुंगाको सहयोगमा उद्धार तथा खोजी अभियान सञ्चालन गरिएको थियो ।

## इरानमाथि प्रहार गर्न हजार क्षेप्यास्त्र तयार रहेको ट्रम्पको चेतावनी

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई ध्वस्त पार्ने धम्की दिँदै अमेरिकी सेना त्यसका लागि तयार रहेको र इरानलाई लक्षित गरी प्रहार गर्न एक हजार क्षेप्यास्त्रहरु पूर्ण तयारी अवस्थामा राखिएको बताएका छन् ।

सामाजिक सञ्जालमा गरिएको पोस्टमा उनले "इस्लामिक गणतन्त्र इरानमाथि क्षेप्यास्त्रहरु ताकेर पूर्ण तयारी अवस्थामा राखिएको बताए ।

यदि इरानी सरकारले विश्वका विभिन्न स्थानमा व्यक्त गरेको(संयुक्त राज्य अमेरिकाका बहालवाला राष्ट्रपति को हत्या गर्ने वा हत्याको प्रयास गर्ने(धम्कीलाई कार्यान्वयन गर्‍यो भने, त्यसको लगत्तै हजारौं थप क्षेप्यास्त्रहरु प्रहार गरिने उनले बताए ।

यसैबीच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले अमेरिकाले समझदारी पत्रको उल्लंघन गरेको आरोप लगाए ।

सामाजिक सञ्जाल एक्समा गरिएको एक पोस्टमा उहाँले "इरानले अहिले सम्म आ ̂ नो प्रतिवद्धता पालना गर्दै आएको र यो उल्लंघन अमेरिकाद्वारा गरिएका अन्य उल्लंघन र गलत कदमहरूको शृत्त्लाकै एक हिस्सा भन्दै यसमा दुवै पक्षको पालना अनिवार्य हुने बताए ।

अल जजिराका अनुसार, इरानी संसद्का सभामुख मोहम्मद बाघेरी घालीबाफले तेहरान अमेरिका सामु कहिल्यै नझुक्ने बताउँदै यदि अमेरिकाले समझदारी पत्रको उल्लंघन गरेमा आ ̂ नो रक्षा गर्न पूर्ण रूपमा तयार रहने बताए ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकायीले इरानका रक्षकहरूले अमेरिकाको गतिविधिलाई निगरानीमा राखिरहेको बताएका छन् । गर्मीको मौसमको प्रवाह नगरी, इस्लामिक गणतन्त्र इरानका सशस्त्र बलमा आबद्ध वीर रक्षकहरु देशका तट, टापु, सीमाना र अन्य संवेदनशील क्षेत्रहरूमा तैनाथ रहि अमेरिकी गतिविधिलाई निगरानी गरिरहेको उनले प्रष्ट पारे ।

## मोरङका चार पत्रकार पुरस्कृत



मोरङ/ सञ्चारकर्मी सञ्चार सहकारी संस्था लिमिटेडले आ ̂ नो १५ औं स्थापना दिवसको अवसरमा शनिबार चार जना पत्रकारलाई पुरस्कृत गरेको छ ।

विराटनगरमा आयोजित एक विशेष समारोहका बीच ५१ हजार रूपैयाँ राशिको 'तोरेन्द्र(इन्दिरा प्रेस स्वतन्त्रता सम्मान' नेपाल पत्रकार महासंघ मोरङका पूर्वअध्यक्ष शिवबहादुर कार्कीलाई अर्पण गरिएको छ ।

यस्तै हाम्रोमत डटकमका कार्यकारी सम्पादक अर्जुन आचार्यलाई संस्थाले ५० हजार रूपैयाँ राशिको 'ओमप्रकाश गोयल आर्थिक पत्रकारिता पुरस्कार' प्रदान गरेको छ ।

त्यसैगरी, श्रमजीवी पत्रकारहरूको प्रोत्साहनका लागि स्थापित २१ हजार रूपैयाँ राशिको 'मेम्बर चन्द्रलाल(दुर्गादेवी दाहाल सञ्चार श्रमजीवी पुरस्कार' पदम सरदारलाई प्रदान गरिएको छ । साथै, १० हजार रूपैयाँ राशिको 'दमीनादेवी श्रेष्ठ महिला पत्रकार प्रोत्साहन पुरस्कार' बाट रस्मिता उदास पुरस्कृत गरिएको छ ।

कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले ती सबै पुरस्कार तथा सम्मान प्रदान गरेका हुन् ।

## हुलाकमार्फत राहदानी वितरण

दमक/ जिल्ला प्रशासन कार्यालय संखुवासभाले हुलाक सेवामार्फत राहदानी घरघरमा पुर्‍याउने अभियान सुरू गरेसँगै हालसम्म ११० जनाले सेवा लिएका छन् । जिल्ला प्रशासन कार्यालयले तीन महिनामा ११० जना सेवाग्राहीको घरमा पुगेर राहदानी हस्तान्तरण गरेको हो ।

संघीय सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअनुसार सरकारी सेवा घरघरमै उपलब्ध गराउने लक्ष्यअन्तर्गत हुलाक सेवालाई आधुनिकीकरण गरी राहदानी, सवारी चालक अनुमतिपत्रलगायत सरकारी कागजात घरघरमै पुर्‍याउने अभियान सुरू गरिएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीका अनुसार घरदैलोमा राहदानी बुझ्ने दर्ता फारम भरेका सेवाग्राहीको राहदानी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरी सम्बन्धित व्यक्तिलाई उपलब्ध गराइएको हो । सरकारको सेवा जनताको घरदैलोमै पुर्‍याउने उद्देश्यसहित पाँच चरणमा ११० जना सेवाग्राहीको घरमा पुगेर राहदानी हस्तान्तरण गरिएको उनले बताए ।

राहदानी वितरणमा हुलाक सेवाको प्रयोग गरिएपछि सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने झन्झट कम हुनुका साथै समय र खर्च बचत पनि हुने सहायक प्रजिअ कार्कीले बताए । यो सेवा लिन चाहने सेवाग्राहीले हुलाक शुल्कबापत रू ५५ बराबरको टिकट खर्च व्यहोर्नुपर्ने हुन्छ ।

भौगोलिक रूपमा विकट र सडक सञ्जाल नजोडिएका ग्रामीण क्षेत्रका ज्येष्ठ नागरिक, महिला, विद्यार्थी तथा वैदेशिक रोजगारीको तयारीमा रहेका सेवाग्राहीका लागि यो अभियान उपयोगी हुने जिल्ला हुलाक कार्यालका प्रमुख अशोक राईले बताए ।

## फेरी एक युवाले गरे आत्मदाहको प्रयास

दमक/ काठमाडौंको बुद्धनगरमा शनिबार बिहान एक जनाले आत्मदाहको प्रयास गरेका छन् ।

आत्मदाहको प्रयास गरेका ४५ वर्षीय आश्विन राउतलाई अहिले वीर अस्पतालको आईसीयूमा राखेर उपचार भइरहेको छ। चिकित्सकका अनुसार उनको शरीरको ५० प्रतिशतभन्दा बढी भाग जलेको छ र अवस्था गम्भीर छ ।

आफ्नै घरको भान्सा कोठामा आगो लगाएका राउतलाई तत्काल उद्धार गरेर वीर अस्पताल पुर्‍याएको प्रहरीले बताएको छ ।

यसअघि २०७९ माघ १० गते नयाँ बानेश्वरस्थित संघीय संसद् भवनअगाडि इलामका प्रेमप्रसाद आचार्यले आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाए ।

तीन वर्षपछि, काठमाडौंकै त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि मुगुका २५ वर्षीय गणेश नेपालीले पनि त्यही बाटो रोजे । उपचारका क्रममा दुवैले ज्यान गुमाएका थिए ।

**खडेरी**...पूर्ण रूपमा नष्ट भएको बताए ।

उनले भने( यस वर्ष गाउँभरि फौजी किराको प्रकोपले मकैको बीउसमेत जोगाउन मुस्किल भएको छ । कृषि प्राविधिकका अनुसार फौजी किरा मकैको गुभोभित्र पसेर कलिला पात खाने गर्छ । यसले पात नष्ट गरेपछि बिरूवा नै सुक्ने वा मर्ने अवस्था आउँछ । त्यसैगरी, दाना लाग्ने समयमा परेको चर्को घामले पनि बालीमा थप क्षति पुर्‍याएको छ ।

स्थानीय देवेन्द्र निरौलाका अनुसार धनकुटाका किसानले हरेक वर्ष खडेरी र फौजी किराको आक्रमण मात्र नभई जंगली जनावरको आतंक पनि सहनुपरेको छ ।

धनकुटामा १३ हजार ४७० हेक्टर क्षेत्रफलमा लगाइएको मकैबाट वार्षिक ३८ हजार ३८६ मेट्रिक टन उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

मेहनत गरेर लगाएको मकैबालीमा फौजी किराको आक्रमण भएपछि किसान खाद्य अभावको चिन्तामा परेका छन् । लामो खडेरीसँग जुधिरहेका किसानलाई फौजी किराले थप समस्यामा पारेको छ ।

**झापा**...५६० टन, इटहरीबाट २२५ टन, बिर्तामोडबाट १६५ टन र गाईघाटबाट ७१० मेट्रिक टन मात्र डीएपी वितरण गरिएको छ, जुन मागको तुलनामा अत्यन्तै न्यून हो ।

अहिले धान खेतीका लागि मात्र नभई मकैका लागि समेत मलको माग पहिलेको तुलनामा झण्डै दोब्बर बढेको छ ।

मलको अभावले गर्दा कार्यालयमा किसानको दैनिक भीड लाग्ने गरेको छ । व्यावसायिक खेती र रासायनिक मलमा बढ्दो निर्भरताका कारण समयमै मल उपलब्ध नहुँदा यस वर्ष धान र मकैको उत्पादनमा समेत ह्रास आउने चिन्ता किसानहरूले व्यक्त गरेका छन् ।

सत्ता पक्षकै सांसदहरूले समेत मलको विषयमा सरकारको आलोचना गरिरहेका बेला किसानहरु भने डिलर र सहकारीका ढोकाबाट रित्तो हात फर्किन बाध्य छन् । घण्टौंसम्म लाइनमा बस्दा समेत किसानले मल पाउन सकेका छैनन् ।

कृषि विभागका अनुसार नेपालमा १३ लाख ७० हजार ६२ हेक्टर क्षेत्रफलमा धान रोप्ने गरिन्छ । जसमध्ये यस सातासम्म ४ लाख ४३ हजार ५९५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । अर्थात् यस सातासम्म देशभर ३२ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष यति बेलासम्म ४५ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको थियो । झापा, मोरङ र सुनसरीमा हालसम्म जम्मा २८ प्रतिशत मात्र रोपाइँ भएको र ७२ प्रतिशत रोपाइँ बाँकी रहेको तथ्यांक छ । खेतीको सिजनमा पनि मल नपाएपछि अन्नको भण्डार मानिने कोशी प्रदेशका किसान निरास बनेका छन् ।

**पहिरो**... ढुङ्गासहितको पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरूद्ध भएको हो ।

सडक अवरूद्ध भएपछि बराहक्षेत्र मन्दिरतर्फ हुने सवारीसाधन र सर्वसाधारणको आवतजावत पूर्ण रूपमा बन्द भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीले सूचना जारी गर्दै उक्त सडकखण्ड भएर यात्रा नगर्न र वैकल्पिक मार्ग प्रयोग गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काका अनुसार पहिरो खस्ने क्रम नरोकिएकाले तत्काल सडक सञ्चालनमा ल्याउन कठिन भएको छ । सुरक्षा अवस्थालाई मध्यनजर गर्दै आवश्यक सतर्कता अपनाउन पनि उनले आग्रह गरेका छन् ।

**त्रिलोचन**... 'किशोरवयका दश दिन', 'मेरो प्यारो कोप्चे', 'इलाम क्याम्पसको पढाइ र छात्रवृत्ति', 'मृत्युको मुखबाट बचेको दिन', 'अधुरो सपना', 'हिटलिस्ट', 'बहुमुखी प्रतिभाका धनी हरिप्रसाद', 'जीवन यात्रामा', 'स्रोतव्यक्ति' तथा 'नेपालदेखि ^ लोरिडासम्मको यात्रा : एक संस्मरण' सहित २५ वटा संस्मरण समेटिएका छन् ।

कार्यक्रममा साहित्यकार होमनाथ अधिकारी, वीरेन्द्र थोङ्लिङ, भुटानी साहित्यकार दिल भूटानी, उत्तम भट्टराईलगायत विभिन्न जिल्लाबाट आएका साहित्यिक स्रष्टा, साहित्य कला संगमका पूर्व तथा वर्तमान पदाधिकारीको उपस्थिति रहेको थियो ।

सो अवसरमा होमनाथ अधिकारी, कमल भट्टराई, नरपति पाण्डे, डा. व्यञ्जना शर्मालगायतले कृतिमाथि मन्तव्य राख्दै रेग्मीका संस्मरणहरूले एउटा पुस्ताको जीवनभोगाइ, ग्रामीण परिवेश, शिक्षा र सामाजिक रुपान्तरणको यात्रालाई दस्तावेजका रूपमा प्रस्तुत गरेको धारणा व्यक्त गरे ।

## मेचीनगरका ३८ जना कर्मचारी हटाइए

मेचीनगर/ मेचीनगरका ३८ जना कर्मचारी हटाइएका छन् । झापाको मेचीनगर नगरपालिकाले ज्यालादारीमा कार्यरत ३८ जना कर्मचारीलाई निष्कासित गरेको छ । असार २६ गतेदेखि लागू हुने गरी उनीहरूलाई कामबाट निकालिएको हो ।

अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको परिपत्र बमोजिम नगर कार्यपालिकाको गत कात्तिक १७ गतेको बैठकको निर्णय अनुसार हाल कार्यरत अस्थायी, करार र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई क्रमशः विदाई गरिएको प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले सूचनामा उल्लेख गरेका छन् ।

निष्कासित हुने कर्मचारीहरूमा सरोज कार्की असिस्टेन्ट सब इन्जिनियर वडा नं १, गंगा राई ल्याब असिस्टेन्ट आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १, कमलबहादुर तामाङ चौकीदार वडा नं. २, अनुप पाहान असिस्टेन्ट सब इन्जिनियर वडा नं. २, विक्रम राजवंशी कार्यालय सहयोगी नगरपालिका कार्यालय, सुरज दाहाल असिस्टेन्ट सव इन्जिनियर वडा नं. ३, निर्मला गजमेर अ.न.मि आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ३, शुशिला खड्का कार्यालय सहयोगी वडा नं. ४, नारायण आले मगर सरसफाईकर्मी वडा नं. ४,नारायण राई असिस्टेन्ट सब इन्जिनियर वडा नं. ४, चन्द्रकला नेपाल कार्यालय सहयोगी आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ३, सोनिया थापा असिस्टेन्ट सब इन्जिनियर वडा नं. ६,राजु वास्तोला कम्प्युटर अपरेटर वडा नं. ६, शम्भु मल्लिक कार्यालय सहयोगी वडा नं. ६, प्रगति ढकाल कार्यालय सहयोगी वडा नं. ६, किरणकुमार श्रेष्ठ कार्यालय सहयोगी वडा नं. ६ , आरती उप्रेती कार्यालय सहयोगी वडा नं. ७ रहेका छन् ।

त्यस्तै निष्कासनमा पर्ने अन्य कर्मचारीहरूमा लक्ष्मी निरौला ढुंगाना कार्यालय सहयोगी आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ७, गोमादेवी चौहान निरौला कार्यालय सहयोगी वडा नं. ६, सुभाष मेचे चौकीदार वडा नं. १३, पुनम राई कम्प्युटर सहयोगी वडा नं. ९,अनिसा राजवंशी कार्यालय सहयोगी वडा नं. ९, गरिमा पौडेल कार्यालय सहयोगी वडा नं. १०, अनिसा राजवंशी असिस्टेन्ट सब इन्जिनियर वडा नं. १०, कृष्णप्रसाद खतिवडा असिस्टेन्ट सब इन्जिनियर नगरपालिका कार्यालय ,बादल न्यौपाने असिस्टेन्ट सब इन्जिनियर वडा नं. १३, कल्पना अधिकारी कार्यालय सहयोगी आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १३, निर्मल चौधरी असिस्टेन्ट सब इन्जिनियर वडा नं. १२, पृथ्वीलाल गिरी चालक नगरपालिका कार्यालय, इन्जिनियर वसन्त राजवंशी नगरपालिका कार्यालय ,पार्वती वर्मन राजवंशी कार्यालय सहयोगी नगरपालिका कार्यालय ,नविन आचार्य असिस्टेन्ट सव इन्जिनियर वडा नं. ९,लिला लिम्बू कार्यालय सहयोगी वडा नं. ५ ,चित्रकला दमाई सरसफाईकर्मी वडा नं. ६,चन्द्रकला खड्का अ.न.मि. वडा नं. ९, रिमा मल्लिक कुचिकार वडा नं. ९ , सुनिल थापा मगर ट्र्याक्टर चालक नगरपालिका कार्यालय र नगरपालिकाकै ट्र्याक्टर चालक जगतबहादुर दर्नाल रहेका छन् ।

**अनुमति**.....एक सूचना जारी गर्दै यस्तो आग्रह गरेको हो ।

ड्रोन सञ्चालनका लागि नेपाल सरकारको प्रचलित कानुन र ड्रोन उडानसम्बन्धी कार्यविधि(२०७५ अनिवार्य रूपमा पालना गर्नुपर्ने जनाएको छ । कार्यविधिअनुसार ड्रोन दर्ता, उडान अनुमति, तौल र वर्गीकरण, उडानको उचाइ, समय, क्षेत्र तथा सञ्चालन गर्ने व्यक्तिको योग्यता लगायतका सबै मापदण्ड पूरा गरेपछि मात्रै ड्रोन उडाउन पाइने व्यवस्था रहेको उल्लेख समेत गरिएको छ ।

यस्तै, अनुमति बिना वा शंकास्पद रूपमा ड्रोन उडाइएको देखिएमा तत्काल जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराई सहयोग गर्न पनि सर्वसाधारणसँग अनुरोध गरिएको छ । आवश्यक अनुमति नलिई ड्रोन सञ्चालन गरेमा इजाजत खारेज, ड्रोन जफत तथा प्रचलित कानुनबमोजिम अन्य कारबाही हुने चेतावनी समेत दिइएको सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराईले बताए ।

## लागू औषधसहित कोशीमा ७ पक्राउ

दमक/ कोशी प्रदेश प्रहरी टोलीले लागू औषध कारोबारमा संलग्न ७ जनालाई पक्राउ गरेको छ । पक्राउ परेका उनिहरूको साथबाट ब्राउन सुगर ७ ग्राम ५२० मिलिग्राम, स्पास्पेन २५० ट्याब्लेट बरामद भएको छ । उदयपुरको प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले उदयपुरको त्रियुगा नगरपालिका-६ स्थितमा लहानबाट गाईघाटतर्फ आउँदै गरेको को २० प ८२०२ नम्बरको मोटरसाइकल चालक सिराहा लहान नगरपालिका-२२ का सन्दिप चौधरीको साथबाट ६६० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ ।

चेकजाँचकै क्रममा सुनसरीको कोशी गाउँपालिका-१ लौकही बजारस्थित इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका धरान उपमहानगरपालिका-१६ का बिनोद लिम्बु र मोरङको सुन्दरहरैंचा नगरपालिका-७ का दिपेश चौधरीलाई शंकाको चेकजाँच गर्दा ३ ग्राम ७४० मिलिग्राम औषधि स्पास्पेन २५० ट्याब्लेट बरामद गरी दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ ।

## साउने सोमबारको तयारीमा पशुपतिमा सर-सफाइ

दमक/ साउन महिनामा आराध्यदेव भगवान् पशुपतिनाथको पूजाआराधना एवं दर्शनका लागि आउने भक्तजनको सहजताका लागि पशुपति क्षेत्रमा सफाइ अभियान सुरू गरिएको छ ।

साउन महिना र सोमबार आशुतोष भगवान् शिवको महिना र बार मानिने भएकाले एकैदिन लाखौं भक्तजन पशुपतिनाथको पूजाआराधना एवं दर्शनका लागि आउने गर्दछन् । भक्तजनलाई सहज रूपमा सेवा दिने उद्देश्यले पशुपति क्षेत्र विकास कोषले आजदेखि सफाइ अभियान सुरू गरेको कार्यवाहक सदस्य सचिव एवं कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठले राससलाई जानकारी दिइन् । पहिलो दिन आज पशुपतिनाथ मूल मन्दिर क्षेत्रबाट सूर्यघाटसम्म सफाइ गरिएको छ । यस अभियानलाई आइतबार अपराह्नपछि पनि निरन्तरता दिइने उनले बताइन् । आइतबार मूल मन्दिर बन्द भएपछि सूक्ष्म रूपमा सफाइ गर्न लागिएको जनाउँदै यसमा सुरक्षा निकायलाई पनि सहभागी गराइने उनले उल्लेख गरिन् ।




प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com